सबैभन्दा पूर्ण मुमिन (आस्थावान) त्यो हो जसको व्यवहार राम्रो छ र तिमीहरु मध्ये सबैभन्दा राम्रो त्यो हो जो आफ्नो महिलाहरु (छोरी/स्वास्नी)प्रति राम्रो हुन्छ ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सबैभन्दा पूर्ण मुमिन (आस्थावान) त्यो हो जसको व्यवहार राम्रो छ र तिमीहरु मध्ये सबैभन्दा राम्रो त्यो हो जो आफ्नो महिलाहरु (छोरी/स्वास्नी)प्रति राम्रो हुन्छ ।"
[हसन] [अबू दाउद, तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: आस्थाको आधारमा सबैभन्दा पूर्ण त्यो व्यक्ति हो जसको व्यवहार उत्तम हुन्छ, जस्तै मानिसलाई मुस्कुराएर भेट्नु, राम्रोसँग कुरा गर्नु, भलो गर्नु र कसैलाई हानी नपुर्याउनु । त्यसैगरी, सबैभन्दा राम्रो मुमिन (आस्थावान) त्यो हो जो आफ्नी पत्नी, छोरी, दिदीबहिनी र अन्य नातेदारहरूसँग राम्रो व्यवहार गर्दछ । किनभने यी महिलाहरू असल व्यवहारको सबैभन्दा बढी हकदार हुने गर्दछन् ।

http://www.sunnah.global/hadeeth/ne/show/5792